खजुरा गाउँपालिका
Khajura Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
लुम्बिनी प्रदेश सरकार,नेपाल
Khajura,Banke Lumbini Province Government,Nepal


प.सं. (Ref.No):- २०८१/८२ मिति (Date):- २०८१।०८।२८
च.नं. (Des.No):-

### चैते धान प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सुचना
### प्रथम पटक सुचना प्रकाशित मितिः२०८१/०८/२८

यस खजुरा गाँउ कार्यपालिकाको कार्यलय,कृषि शाखाको आ.व.२०८१/८२ मा संघिय सशर्त अनुदान तर्फको वार्षिक स्विकृत कार्यक्रम अनुसार चैते धान प्रवर्द्धन कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र मिति २०८१/०९/१८ गते सम्म (अन्तिम दिन सार्वजनिक विदा परेमा भोलिपल्ट वा कार्यलय खुल्ने दिन) खजुरा गाँउपलिका,कृषि शाखामा तपशिलको कागाजातहरु सहितनि निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा,संचालन कार्यविधि खजुरा गाँउपालिका,कृषि शाखा वाट प्राप्त गर्न सकिने छ।थप जानकारिका लागि कृषि शाखाको सम्पर्क नम्बर ९८४४८८११२६ मा सम्पर्क गर्न सकिन्छ।

| क्र.स. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु र अनुदानको सिमा | न्युनतम मापदण्ड |
|---|---|---|---|
| १ | चैते धान प्रवर्द्धन कार्यक्रम | • चैते धान खेती गर्ने कृषकलाई प्रति कठ्ठा रु ६००/- नगत अनुदान<br>• क्षेत्र विस्तार विउ उत्पादनमा आवद्ध कृषकलाई विउ,विषादी शुक्ष्मतत्व तथा आवश्यक सामाग्रीमा ५०% अनुदान<br>• चैते धानको वृहत क्षेत्र प्रदर्शनी ( कम्तिमा ५ कठ्ठा) -बीउ र मलमा शत प्रतिशत अनुदान<br>• साना सिंचाई -(सार्वजनिक/सामुदायिक र व्यत्तिगत साना सिंचाईको हकमा ५०% अनुदान)<br>➢ कुलो निर्माण तथा मर्मतका लागि प्रति स्किम अधिकतम ७५,००० सम्म।<br>➢ स्यालो टयुववेल जडानमा प्रति स्किम बढीमा रु ५०,००० सम्म।<br>➢ पम्पसेट, मोटर पाईप तथा अन्य सामाग्री अनुदान। | • कृषक /कृषक समुह/सहकारी/फार्म मार्फत कार्यक्रम संचालन हुनेछ ।<br>• कार्यक्रम ब्लकमा संचालन हुनेछ र एउटा ब्लकको क्षेत्रफल/साईज १० हेकटरको हुनु पर्ने छ। |

बस बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

# खजुरा गाउँपालिका
Khajura Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
लुम्बिनी प्रदेश सरकार,नेपाल
Khajura,Banke Lumbini Province Government,Nepal


संलग्न गर्नु पर्ने कागजातहरु

१.प्रस्तावकको निवेदन।(अनुसुची २ बमोजिम)

२.दर्ता / नविकरण भएको प्रमण-पत्रको प्रतिलिपि (समुह/निजी फार्म/ कम्पनी/ सहकारी) ।

३.स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा आ.व. २०८०/८१ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।

४.कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव।

५.सम्वन्धित वडा कार्यलयको सिफारिस पत्र ।

६.समुह/सहकारीको अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।

७.प्रस्ताव पेश गर्नेको नागरिकता रजग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।

८.निर्माण गरिने पुर्वाधारको हकमा लागत अनुमान।

९.पुर्वाधार निर्माणको हकमा जग्गा धनि दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १५ वर्ष वा तोकिएको अवधिको करार पत्र।

बस बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत